*Regd No. 192173/074/075*

PAN No.: 304300875

# SINGATI HYDRO ENERGY LTD.

Darbarmarg, Kathmandu, Nepal

मिति : २०८०/०३/२४

च.नं. १२३

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,

युएनआई शान्ति मार्ग, भद्रकाली काठमाण्डौ ।

विषय : हकप्रद शेयर निश्काशनको लागि बिक्रि प्रबन्धक नियुत्ति गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस सिंगटी हाईड्रो इनर्जी लिमिटेडको मिति २०८०/०३/२२ को सञ्चालक समितिको निर्णय बमोजिम यस कम्पनीको हकप्रद शेयर निश्काशनको लागि "धितोपत्र निश्काशन तथा बिक्री प्रबन्धक"मा कुमारी क्यापिटल लिमिटेडलाई नियुक्ती गरिएको हुँदा उक्त धतोपत्र निश्काशन तथा बिक्री प्रबन्धकसग भएको सम्झौताको प्रति यसैसाथ संलग्न राखी सो को जानकारी गराएको छु ।

भवदीय

विष्णुप्रसाद रेग्मी

(कम्पनी सचिव)

बोधार्थ

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,त्रिपुरेश्वर, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।

श्री मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर काठमाण्डौ ।

श्री ग्लोबल आईएमई बैंक लि., कमलादी काठमाण्डौ ।

## सिंगटी हाईड्रो इनर्जी लिमिटेड र कुमारी क्यापिटल लिमिटेड बीच भएको हकप्रद साधारण शेयर निष्काशन सम्बन्धी सम्झौता

कम्पनी ऐन २०६३ बमोजिम स्थापित, काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. ०५, **काठमाण्डौं स्थित** रजिष्टर्ड कार्यालय रहेका **सिंगटी हाईड्रो इनर्जी लिमिटेडका** तर्फबाट अख्तियार प्राप्त प्रबन्ध संचालक श्री सुदिप खड्का, यसपछि "निष्काशनकर्ता कम्पनी" भनिएको

तथा

कम्पनी ऐन, २०६३ बमोजिम स्थापित नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त काठमाण्डौं जिल्ला, नागपोखरी, नक्साल, काठमाण्डौं स्थित रजिष्टर्ड कार्यालय रहेको **कुमारी क्यापिटल लिमिटेडका** तर्फबाट अख्तियार प्राप्त **का.मु प्रमूख कार्यकारी अधिकृत श्री पुष्प शर्मा**, यसपछि "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भनिएको

निष्काशनकर्ता र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकका बीच तपशिलका शर्तहरुको अधिनमा रही मिति २०८०/०३/२२ गते १:१ अनुपात बराबरको हकप्रद साधारण शेयर साविकका शेयरधनीहरुलाई निष्काशन गर्नको लागि "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" लाई नियुक्त गरेको र "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" ले स्वीकार गरेको सम्बन्धमा दुवै पक्षको राजिखुशीले तपशिल बमोजिमका सेवा शर्तहरुको अधिनमा रहने गरी सम्झौता गरिएको छ ।

**शर्तहरु :**

(१) निष्काशनकर्ता कम्पनीले हकप्रद शेयर साविकका शेयरधनीहरुलाई प्रति शेयर रु.१००/- अंकित दरका १,४५,००,००० कित्ता हकप्रद साधारण शेयरको (१:१) निष्काशन तथा बिक्री प्रबन्ध गर्ने सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकको सेवा प्रदान गर्न निष्काशन तथा बिक्री प्रबन्धक मन्जुर गर्दछ । उपरोक्त निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी सेवा अर्न्तगत निष्काशन तथा बिक्री प्रबन्धकले निम्न सेवाहरु प्रदान गर्नेछ :

क) निष्काशन तथा बिक्री प्रबन्ध सेवा :

(क) हकप्रद साधारण शेयर निष्काशन सम्बन्धमा कार्य योजना(Action Plan) तयार गर्ने ।

(ख) हकप्रद साधारण शेयर निष्काशनका लागि विवरणपत्र/आव्हानपत्रको मस्यौदा तयार गर्ने, सो लाई अन्तिम रुप दिने, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु लगायत हकप्रद शेयर निष्काशन सम्बन्धी सूचनाहरु तयार गरी/गराई अन्तिम रुप दिने कार्य गर्ने ।

(ग) हकप्रद साधारण शेयर निष्काशनको लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र दर्ता गर्ने र हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु स्वीकृत गराउन आवश्यक सहयोग गर्ने ।

कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your Future

SINGATI HYDRO ENERGY Ltd.

(घ) हकप्रद शेयर दरखास्त फारमको ढाँचा तयार गरी सो लाई अन्तिम रुप दिई आवश्यक संख्यामा छपाई गर्ने/गराउने ।

(ङ) हकप्रद साधारण शेयर निष्काशनको लागि आवश्यक निष्काशन सामाग्रीहरु जस्तै : हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु/हकप्रद शेयर निष्काशन सम्बन्धी सूचनाहरु तथा दरखास्त फारम लगायतका आवश्यक सम्पूर्ण सामाग्री तोकिएका संकलन केन्द्रहरुमा पुऱ्याउने तथा वितरण गर्ने व्यवस्था मिलाउने । साथै, नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आस्वा सदस्यहरु (संकलन केन्द्रहरु) बाट समेत हकप्रद शेयरको आवेदन फारम संकलन गर्ने व्यवस्था मिलाउने ।

(च) हकप्रद साधारण शेयर निष्काशनको लागि निष्काशनकर्ता कम्पनीसंग समन्वय गरी निष्काशनकर्ता कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भए बमोजिम प्रचलित धितोपत्र सम्बन्धी कानुन बमोजिम हकप्रद शेयर निष्काशन सम्बन्धी सूचनाहरु तयार गर्ने र राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्ने/गराउने सम्बन्धी आवश्यक कार्य गर्ने ।

ख) निष्काशन पश्चात्का सेवा :

(क) प्राप्त दरखास्त फारमहरुको कम्प्युटरमा प्रविष्टि (Data Entry) गर्ने, रुजु गर्ने र बाँडफाँडको लागि आवश्यक विवरणहरु तयार गरी शेयर बाँडफाँड तालिका तयार गर्ने ।

(ख) आपसी समन्वयबाट शेयर बाँडफाँड तथा फिर्ता भुक्तानी दिनुपर्ने विवरण/आदेशहरु संकलन केन्द्र अनुसार तयार गरी सम्बन्धित संकलन केन्द्रलाई उपलब्ध गराउने ।

(ग) प्रचलित धितोपत्र सम्बन्धी कानुन अन्तर्गत शेयर निष्काशन पश्चात् प्रकाशन गर्नुपर्ने सूचनाहरु (छापा, अनलाइन तथा इलेक्ट्रोनिकल मिडियाहरुमा प्रकाशित गरिने सूचनाहरु) निष्काशनकर्ता कम्पनीसंग आवश्यक समन्वय गरी प्रकाशन गर्ने व्यवस्था मिलाउने र त्यसरी प्रकाशित गर्दा लागेको खर्च निष्काशनकर्ता कम्पनीले भुक्तानी गर्नुपर्ने ।

(२) हकप्रद शेयर निष्काशन तथा बिक्री प्रबन्ध सेवा उपलब्ध गराए वापत निष्काशनकर्ता कम्पनीले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकलाई सेवा शुल्क बापत रु.१,००,०००/– (अक्षरेपी एक लाख रुपैंया मात्र) भुक्तानी गर्नेछ । उक्त सेवा शुल्क वापतको जम्मा रकम रु १,००,०००/– मध्ये ५० प्रतिशतले हुन आउने रकम रु.५०,०००/– निष्काशन तथा बिक्री प्रबन्धकलाई फिर्ता नहुने गरी यो सम्झौता भएको मितिले ७ (सात) दिन भित्र भुक्तानी गरे पश्चात मात्र निष्काशन तथा बिक्री प्रबन्धकले हकप्रद शेयर निष्काशन प्रक्रिया अगाडी बढाउनेछ र बाँकी ५० प्रतिशत रकम हकप्रद शेयर बाँडफाँड भएको मितिले १५ (पन्ध्र) दिन भित्र भूक्तानी गर्नेछ ।

(३) निष्काशनकर्ता कम्पनीले हकप्रद साधारण शेयर निष्काशनको लागि विद्युत नियमन आयोग तथा अन्य नियमन निकायबाट प्राप्त सम्पूर्ण शर्तहरु पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

(४) यस सम्झौता दुबै पक्षबाट हस्ताक्षर भएको मितिबाट सम्झौता कार्यान्वयन हुनेछ ।

कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your Future

SINGATI HYDRO ENERGY Ltd.

(५) निष्काशनकर्ता कम्पनीले प्रचलित कानुन बमोजिम नियमनकारी निकायहरु: नेपाल धितोपत्र बोर्ड, विद्युत नियमन आयोग, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका साथै क्रेडिट रेटिङ्ग संस्थालाई भुक्तानी गर्नुपर्ने भनी तोकिएका शुल्कहरु निष्काशनकर्ता कम्पनीले सिधै भुक्तानी गर्नु पर्नेछ । साथै Software Customization बापतको शुल्कहरु वास्तविक लागतको आधारमा निष्काशनकर्ता कम्पनीले नै भुक्तानी गर्नेछ ।

(६) निष्काशनकर्ता कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धकलाई आवेदन प्रशोधन शुल्क बापत प्रति आवेदन रु.१/-को दरले उपलब्ध गराउनेछ । साथै निष्काशनकर्ता कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धकलाई बाँडफाँड बैठकमा उपस्थिति भए बापत प्रति व्यक्ति रु.५,०००/–(कर बाहेक) का दरले उपलब्ध गराउनेछ ।

(७) यस हकप्रद शेयर निष्काशनसँग सम्बन्धित सूचना प्रकाशन, कुरियर खर्च, विवरणपत्र तथा आवेदन फारम छपाई गर्दा लागेको खर्च भने बिल अनुसार निष्काशनकर्ता कम्पनीले भुक्तानी गर्नु पर्नेछ । निष्काशनकर्ता कम्पनीले निष्काशनको क्रममा निष्काशन तथा बिक्री प्रबन्धकले संकलन केन्द्रहरु तोक्नेछ र यसरी तोकिएको संकलन केन्द्रहरु मार्फत संकलन भएको दरखास्त बापतको कमिशन रकम निष्काशनकर्ता कम्पनीले भुक्तानी गर्नु पर्नेछ । साथै आयोजना निर्माण क्षेत्र/स्थल निरीक्षण गर्दा लाग्ने सम्पूर्ण खर्चहरु समेत निष्काशनकर्ता कम्पनीले नै व्यहोर्नु पर्नेछ ।

(८) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकलाई हकप्रद शेयर निष्काशन सम्बन्धी सम्पूर्ण कार्यमा निष्काशनकर्ता कम्पनीले पूर्ण सहयोग गर्नेछ र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकबाट माग भई आएको अवस्थामा आवश्यक जानकारी, सूचना तथा अन्य कागजातहरु निष्काशनकर्ता कम्पनीले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकलाई उपलब्ध गराउनेछ ।

(९) हकप्रद शेयर निष्काशनका लागि पत्रकार सम्मेलन तथा अन्य संचार माध्यमहरु सँग सम्बन्धित देखिएका अन्य कार्यहरु गर्नु परेको अवस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकले निष्काशनकर्ता कम्पनीलाई सहयोग गर्नेछ र सो बापतको लाग्ने सम्पूर्ण खर्चहरु निष्काशनकर्ता कम्पनीले ब्यहोर्नु पर्नेछ ।

(१०) यस सम्झौतापत्रमा उल्लेख भएका शिर्षक बाहेकका अन्य खर्चहरु श्रृजना भएमा निष्काशन तथा बिक्री प्रबन्धकले सो को पूर्व जानकारी निष्काशनकर्ता कम्पनीलाई गराउनेछ र त्यस्तो खर्चहरु समेत निष्काशनकर्ता कम्पनीले व्यहोर्नु पर्नेछ ।

(११) निष्काशनकर्ता कम्पनीले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको परामर्श/सहमतिमा मात्र हकप्रद शेयर निष्काशन सम्बन्धी विज्ञापन वा अन्य सूचनाहरु प्रकाशन गर्न निष्काशनकर्ता कम्पनीको मन्जुर गर्दछ । धितोपत्र निष्काशनको समयमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको परामर्श र सहमति बिना निष्काशनकर्ता स्वयम्ले प्रकाशन गरेको सूचना वा जानकारीको जवाफदेही निष्काशनकर्ता कम्पनी स्वयं नै हुनेछ ।

कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your Future

SINGATI HYDRO ENERGY Ltd.

(१२) हकप्रद शेयर खरिदका लागि दरखास्त फारम साथ प्राप्त भएको दरखास्त रकम धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकले निष्काशन बैंकहरुमा प्रचलित धितोपत्र सम्बन्धी कानुन अनुसार बैंक खाता खोली जम्मा गरिनेछ। बैंकमा खाता खोली राखिएको रकम मध्ये शेयर पूँजी वापतको रकम शेयर बाँडफाँड भएको ५ (पाँच) कार्य दिनभित्र तथा आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाबाट संकलन भएको रकमको हकमा धितोपत्र खरिद (सार्वजानिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम रकम प्राप्त गरी हिसाव मिलान गरे पश्चात् निष्काशनकर्ता कम्पनीलाई भुक्तानी गर्न धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मन्जुर गर्दछ। बाँकी रकम प्रचलित धितोपत्र सम्बन्धी कानुन अनुसार फिर्ता भुक्तानी गर्ने दायित्व धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको हुनेछ।

(१३) दुवै पक्षको आपसी सहमती तथा समझदारीमा यस सम्झौतामा उल्लेखित शर्तहरुमा सुधार एंव संशोधन हुन सक्नेछ र त्यस्ता सुधार एंव संशोधन गरिएका शर्तहरु समेत यस सम्झौताको अभिन्न अंग हुनेछ।

(१४) यस सम्झौतामा उल्लेख गरिएको विषयको व्याख्या कुनै विवाद तथा बुझाइमा फरकपन सिर्जना भएमा दुवै पक्षको आपसी समझदारीमा सो विवाद सामाधान गरिनेछ। आपसी छलफलबाट पनि विवाद समाधान हुन नसकेमा नेपाल धितोपत्र बोर्डको मध्यस्थतामा विवादको समाधान गरिनेछ। नेपाल धितोपत्र बार्डको मध्यस्थताबाट पनि विवाद समाधान हुन नसकेमा मुलुकी देवानी संहिता, २०७४ बमोजिम गरिनेछ।

(१५) नेपाल धितोपत्र बोर्डले सम्झौतापत्रमा राख्नुपर्ने कुरा भनी, समय समयमा प्रकाशित निर्देशिका वा परिपत्रमा तोकिएका कुराहरु यसै सम्झौतामा परे सरह दुवै पक्ष मन्जुर गर्दछौं।

(१६) हकप्रद शेयरको लागि सबै शेयरधनीहरुबाट आवेदन प्राप्त नभई बाँडफाँड पश्चात बाँकी रहेको शेयर समेत यसै सम्झौताको आधारमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकले बोलकबोल प्रकृया मार्फत बिक्री गर्न व्यवस्थापन गर्नेछ। बोलकबोल सेवा उपलब्ध गराए वापत निष्काशनकर्ता कम्पनीले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकलाई बिक्री प्रबन्धक सेवा शुल्क बापत रु. २५,००० (अक्षरुपी पच्चीस हजार मात्र) भुत्तानी गर्नेछ।

(१७) यस सम्झौताका दफाहरुमा कुनै संशोधन गर्नु परेमा दुवै पक्षको सहमतिमा गर्न सकिनेछ।

(१८) यो सम्झौतापत्रको अवधि सम्झौता पत्रमा हस्तक्षर भएको मितिबाट निष्काशन कार्य सम्पन्न नभए सम्मको लागि बहाल रहनेछ।

(१९) माथि लेखिएका शर्तहरुमा दूबै पक्ष परस्पर सहमत भै यो सम्झौता असल नियतका साथ पुरा गर्ने प्रण गर्दै तलका साक्षीको रोहवरमा निष्काशनकर्ताको कार्यालयमा बसी लेखी सहिछाप गरि एक एक प्रति बुझी लियौं दियौं।

कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your Future

SINGATI HYDRO ENERGY Ltd.

| निष्काशनकर्ता कम्पनीको तर्फबाट | धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट |
| --- | --- |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : श्री सुदिप खड्का | नाम : श्री पुष्प शर्मा |
| पद : प्रबन्ध संचालक | पद : का.मु. प्रमुख कार्यकारी अधिकृत |
| मिति : २०८०/०३/२२ | मिति : २०८०/०३/२२ |
| कम्पनीको छाप : SINGATI HYDRO ENERGY Ltd. | कम्पनीको छाप : कुमारी क्यापिटल लिमिटेड KUMARI CAPITAL LIMITED Invest for your Future |
| **साक्षी** | **साक्षी** |
| नाम : मन्दिप खनाल | नाम : सचिन बुढाथोकी |
| हस्ताक्षर : | हस्ताक्षर: |

आज मिति २०८० साल असाढ महिना २२ गते रोज ६ का दिन हामी दुबै पक्षले आ–आफ्नो कम्पनीको तर्फबाट यस सम्झौता–पत्रमा हस्ताक्षर गर्‍यौं ।